**प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**

यस मन्त्रालयले चालु आ.व.२०७५।०७६ को लागि सि. सि. टीभी क्यामेरा खरिद तथा जडान कार्य गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनीहरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना आव्हान गरीएको छ ।

## प्रथम पटक सूचना प्रकाशित मिति : २०७६।०२।२८

१) आन्तरिक मामिला तथा कानून मन्त्रालयका लागि सि. सि. टीभी क्यामेरा खरिद तथा जडान गर्नु परेकोले योग्य फर्म कम्पनीहरुबाट यो सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

२) सि. सि. टीभी क्यामेरा खरिद तथा जडान गर्न चाहने फर्म कम्पनीहरुले यस सम्वन्धी थप जानकारी लिन चाहेमा यस मन्त्रालयको फोन न ०६१-४६७७३३ वा लेखा शाखामा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

३) दरभाउपत्र फाराम खरिद गर्न राष्ट्रिय बाणिज्य बैक पृथ्वीचोक पोखरामा यस आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यालय कोड नम्वर :- ७०४३३३९०१ र राजस्व खाता नम्बर प्रदेश क- १०००२०००१०००० राजस्व शीर्षक नम्बर १४२२९ मा रकम रु. १०००।- फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर वा यस मन्त्रालयबाट नगद बुझाई दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

४) यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०७६।०३।१० गते) कार्यालय समय भित्र दरभाउपत्र फाराम सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको व्यवसाय दर्ता, मूल्य अभिबृद्धि करमा दर्ता, स्थायी लेखा नम्वर (PAN) र आ.व. २०७४/०७५ सम्मको कर चुक्ता भएको प्रमाण समेतको प्रमाणित प्रतिलिपी तथा उत्पादक फर्म वा कम्पनीबाट प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपीको कागजात नियमानुसारको निवेदन साथ पेश गरेपछि नियमानुसार सिलवन्दी दरभाउपत्र फाराम यस मन्त्रालयबाट प्राप्त गर्न सकिनेछ ।

५) सिलवन्दी गरिएको दरभाउपत्र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा २०७६।०३।११ गते दिउसो १२ बजेभित्र दर्तागरि सक्नु पर्नेछ ।

६) तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरु कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सोहि दिन अर्थात मिति २०७६।०३।११ गते दिउसो ३.०० बजे खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

७) शिलवन्दी दरभाउपत्र ४५ दिनसम्मको लागि मान्य हुनेछ । शिलवन्दी दरभाउपत्र साथ जमानत वापतको धरौटी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय पोखराको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक पोखराको प्र.ख.२ धरौटी खाता नम्वर ३०२०५०२०००००० मा जम्मा गरेको सक्कलै बैक भौचर वा सो रकम बरावरको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिनसम्म मान्य भएको निशर्त जमानतपत्र पेश गर्नु पर्नेछ ।

८) शिलवन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ने दिनमा खरिद गर्ने वा पेश गर्ने वा खोल्ने मिति कायम हुनेछ ।

९) म्याद नाघी आएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०) पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने, सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।

११) यस सूचनामा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१२) दरभाउपत्र स्वीकृत भै सम्झौता सम्पन्न भएको **७ (सात)**दिन भित्र उल्लेखित सि.सि.टिभी खरिद तथा जडान कार्य गराइसक्नु पर्नेछ ।

१३) शिलवन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं. | कामको विवरण | संख्या | धरौटी रकम रु. | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर फिर्ता नहुने गरी रु. |
|---|---|---|---|---|
| २/२०७५/०७६ | सि. सि. टीभी खरिद तथा जडान कार्य (आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा परिसर, रत्नचोक, मिलनचोक, उद्योग पर्यटन तथा बन मन्त्रालय चोक, वाई चोक, शहीद चोक, वडा प्रहरी कार्यालय बैदाम, सामाजिक विकास मन्त्रालय र कृषि मन्त्रालय नजिक, राष्ट्र बैक चोक, पर्यटन कायालय, र कृषि मन्त्री क्वाटर, | १ प्याकेज | ५५०००।- | १०००।- |